# आर्थिक वर्ष २०७४/ ७५ देखि २०७७/७८ सम्मको प्रदेश विनियोजन ऐनहरुको संगालो

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. १ विराटनगर

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नम्बर १
विराटनगर, नेपाल

# विनियोजन विधेयक

२०७४

**प्रदेश सभा सचिवालय**

**प्रदेश नं. एक**

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नम्बर १
विराटनगर, नेपाल

उद्देश्य र कारण

आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधिको लागि प्रदेश नं एक अन्तर्गतका निकायहरुले गर्ने सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

(मा. इन्द्र बहादुर आङ्बो)
आर्थिक मामिला तथा योजना मन्त्री

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नम्बर १
विराटनगर, नेपाल

## आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधिको सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधिको सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश नं एक, प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो ऐनको नाम "प्रदेश नं एक विनियोजन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७४/७५ बाँकी अवधिको निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधिको निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु.१०१९४६५००० (अक्षरेपी रु. एक अर्व एक करोड चौरानब्बे लाख पैसठ्ठी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन: (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधिको निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ७०१९२ मा विनियोजन भएको रकम अनुदान संख्या ७०१०२ देखि ७०१९३ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

(४) यो विनियोजन विधेयक पेश हुनुभन्दा अगाडि संघीय विनियोजन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले विभिन्न खर्च शीर्षकहरुमा बाँडफाँट गरी सम्बन्धित निकायलाइ निकासा दिएको र रकमान्तर भइ कायम भएको रकम यसै ऐन बमोजिम विनियोजन भएको मानिने छ ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नम्बर १
विराटनगर, नेपाल

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

प्रदेश नं.१ प्रदेश संचित कोष माथि व्ययभार हुने रकम

प्रदेश नं.१

रकम रु

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्रम | शीर्षक | शीर्षकको नाम | २०७४/७५ | | | |
| | | | चालु | पूंजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | २११११२ | प्रदेश व्यवस्थापिका प्रदेश व्यवस्थापिका पारिश्रमिक पदाधिकारी | ५१५००० | ० | ० | ५१५००० |
| २ | २११४२ | पदाधिकारी अन्य सुबिधा | १७०००० | ० | ० | १७०००० |
| ३ | २२२११ | प्रदेश व्यवस्थापिका इन्धन (पदाधिकारी) | ३५०००० | ० | ० | ३५०००० |
| जम्मा | | | १०३५००० | ० | ० | १०३५००० |

## अनुसूची

(दफा २ र ३ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

# प्रदेश नं.१ प्रदेश संचित कोषबाट व्ययभार हुने रकम

प्रदेश नं.१

रकम रु

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | शीर्षक | शीर्षकको नाम | २०७४।७५ | | | |
| | | | चालु | पुंजीगत | वित्तिय व्यवस्था | जम्मा |
| १ | ७०१२११३०१ | प्रदेश व्यवस्थापिका सचिवालय | ८०५६४००० | ४४०५५००० | ० | १२४६१९००० |
| २ | ७०१२३१३०१ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ४७०५००० | १५००००० | ० | ६२०५००० |
| ३ | ७०१३११३०१ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | २९२९५००० | १६५००००० | ० | ४५७९५००० |
| ४ | ७०१३२१३०१ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १७५२८८७८० | २१०५३९३४० | ० | ३८५८२८१२० |
| ५ | ७०१२३३१३०१ | आन्तरिक मामिला तथा योजना मन्त्रालय | ३८५३५०४० | ३४३००००० | ० | ७२८३५०४० |
| ६ | ७०१३४१३०१ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ४९०७३८५० | १६२००००० | ० | ६५२७३८५० |
| ७ | ७०१३५१३०१ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २५०९८९९० | २२५३०००० | ० | ४७६२८९९० |
| ८ | ७०१३६१३०१ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३५९२८००० | १०७३४२००० | ० | १४३२७०००० |
| ९ | ७०१३७१३०१ | सामाजिक विकास मन्त्रालय | १०३४७०००० | २४५४०००० | ० | १२८०१०००० |
| | जम्मा | | ५४१९५८६६० | ४७७५०६३४० | | १०१९४६५००० |

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नम्बर १
विराटनगर, नेपाल

**विनियोजन विधेयक, २०७४ को दफावार सारांश**

दफा १ : यो विधेयकको नाम **प्रदेश नं एक विनियोजन विधेयक, २०७४** रहेको छ। यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

दफा २ : यो दफामा प्रदेश सञ्चित कोषबाट आ.व. ०७४/०७५ को बाँकी अवधिका लागि अनुसूची २ को महल ३ मा उल्लिखित निकायले महल ४, ५, ६, ७, मा उल्लेखित रकम जम्मा १०१९४६५००० (अक्षरेपी रु. एक अर्व एक करोड चौरानब्बे लाख पैसठ्ठी हजार) मा नबढाई खर्च गर्न पाउने व्यवस्था गरेको छ।

दफा ३ : यस दफामा यो ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न दिएको अधिकार अन्तर्गतको रकम निकायहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने व्यवस्था छ। विनियोजित रकम कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने अवस्था आएमा आर्थिक मामिला मन्त्रालयले बचत शीर्षकबाट नपुग शीर्षकमा शीर्षकको जम्मा रकमको १० प्रतिशते नबढ्ने गरी रकमान्तर गर्न सक्नेछ।

संघीय विनियोजन ऐन, २०७४ को दफा (४) उपदफा (५) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले खर्च शीर्षकहरुमा बाँडफाँट गरी सम्बन्धित निकायलाई निकासा दिएको रकम र रकमान्तर भइ कायम भएको रकम यसै ऐन बमोजिम विनियोजन भएको मानिने छ ।

यो ऐनमा जम्मा दुई अनुसूची रहेका छन्।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

# विनियोजन विधेयक

२०७५

प्रदेश सभा सचिवालय

प्रदेश नं. एक

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

उद्देश्य र कारण

आर्थिक वर्ष २०७५/७६ को लागि प्रदेश नं एक अन्तर्गतका निकायहरुले गर्ने सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

(मा. इन्द्र बहादुर आङ्बो)
आर्थिक मामिला तथा योजना मन्त्री

## आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७५/७६ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची - १ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम र महल ७ मा उल्लिखित अन्तर सरकारी वित्त हस्तान्तरण समेत गरी जम्मा रकम रु.३५,९३,०८,५९,०००.०० (अक्षरेपी रु.पैतीस अरब त्रियानब्बे करोड आठ लाख उनान्साठी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिएबमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची - २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची - २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकबाट अर्को एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

तर,

(क) एउटै शीर्षक भित्रका उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(४) शीर्षक संख्या ७०१३२१३०१ अन्तर्गत उल्लेखित अन्तर सरकारी वित्त हस्तान्तरण मध्ये स्थानीय तहका लागि विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य शीर्षकमा रकमान्तर हुने छैन ।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (४) मा उल्लेखित वित्तीय समानीकरण अनुदान बाहेक शीर्षक संख्या ७०१३२१३०१ मा विनियोजन भएको रकम जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था:</u> (१) शीर्षक संख्या ७०१३२१३०१ र ७०१३४१३०१ अन्तर्गत उल्लेखित अन्तर सरकारी वित्त हस्तान्तरण मध्ये स्थानीय तहका लागि विनियोजन भएको वित्तीय हस्तान्तरण हुने अनुदान रकम कानून बमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय संचित कोषमा हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रत्येक वर्षको भदौ पच्चीस गते, मंसिर दुई गते, फाल्गुन दुई गते र ज्येष्ठ दुई गते गरी चार किस्तामा दाखिला गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत व्यवस्था भएको निकायमा प्रत्येक वर्षको कार्तिक एक गते, माघ एक गते, बैसाख एक गते र आषाढ मसान्त भित्र बुझाइ सक्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (३) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित संचित कोषमा दाखिला गरिने छैन ।

(५) शीर्षक संख्या ७०१३२१३०१ र ७०१३४१३०१ मा उल्लेखित अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत सशर्त अनुदानको एक चौथाई रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय संचित कोषमा प्रत्येक वर्षको भदौ पच्चीस गते दाखिल गर्नेछ ।

(६) उपदफा (५) बमोजिम दाखिल भएको रकम स्थानीय तहले जुन योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्नु पर्नेछ ।

(७) स्थानीय तहको कुनै योजना वा कार्यक्रमको निमित्त स्थानीय तहमा शीर्षक संख्या ७०१३२१३०१ र ७०१३४१३०१ मा उल्लेखित अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत सशर्त अनुदानको उपदफा (५) बमोजिम दाखिल भए बाहेक बाँकी रहेको रकम उपदफा (८) बमोजिम पेश भएको विवरणको आधारमा चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय कोषमा दाखिल गर्नेछ ।

(८) स्थानीय तहले सशर्त अनुदानबाट कार्यान्वयन गर्ने योजना वा कार्यक्रम सम्बन्धमा कार्यान्वयन हुने अवधि, कार्यान्वयनको अवस्था र खर्चको विवरण समेतका कुराहरु समावेश गरी उपदफा (९) बमोजिमको कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत व्यवस्था भएको निकायमा बुझाउनु पर्नेछ ।

(९) प्रदेश सरकारले सशर्त अनुदान रकम दाखिल गर्ने तथा विवरण पेश गर्ने, समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाउनेछ ।

(१०) सशर्त, समपूरक र विशेष अनुदानको रकम आषाढ मसान्त सम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयले व्यवस्था गरेको निकाय मार्फत प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट समायोजन गर्नेछ ।

५. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:</u> (१) स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुनेगरी बनाउनु पर्नेछ -

क) प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुशरण गर्ने,

ख) सबै आय आफ्नो संचित कोषमा दाखिल गर्ने,

ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

ङ) आय व्ययको वर्गीकरण र लेखाङ्कन नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरे बमोजिम राख्नुपर्ने,

६. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले वा प्रदेश लेखा नियन्त्रक मार्फत तोकिएको निकायले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत व्यवस्था गरे बमोजिमको निकायलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश संचित कोष व्यवस्थापन प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ ।

(६) उपदफा (५) बमोजिम प्रदेश संचित कोष व्यवस्थापन प्रणालीमा समावेश भएको कुनै पनि कार्यक्रम संशोधन गर्न पाइने छैन ।

(७) उपदफा (५) बमोजिम प्रदेश संचित कोष व्यवस्थापन प्रणालीमा समावेश भएको कुनै खर्च शीर्षकमा एकमुष्ट समावेश भएको रकम खण्डीकरण गरी विभिन्न कार्यक्रममा खर्च गर्नको लागि सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्नेछ ।

(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश तथा स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने छ ।

तर राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन ।

(९) उपदफा (८) बमोजिम संशोधन भएको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्ने छ ।

७. <u>कार्यविधि र मापदण्ड बनाउन सक्ने:</u> यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्ने छ ।

८. <u>आदेश जारी गर्न सक्ने:</u> यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## विनियोजन विधेयक, २०७५ को दफावार सारांश

दफा १ : यो विधेयकको नाम **विनियोजन विधेयक, २०७५** रहेको छ। यो ऐनको तुरुन्त प्रारम्भ हुनेछ।

दफा २ : यो दफामा प्रदेश सञ्चित कोषबाट आ.व. ०७५/०७६ को लागि अनुसूची २ को महल ३ मा उल्लिखित निकायले महल ४, ५, ६, ७, मा उल्लेखित रकम जम्मा ३५,९३,०८,५९,०००/- (अक्षरेपी पैतीस अर्ब त्रियानब्बे करोड आठ लाख उनान्साठी हजार मात्र) मा नबढाई खर्च गर्न पाउने व्यवस्था गरेको छ।

दफा ३ : यस दफामा यो ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च दिएको आधिकार अन्तर्गतको रकम निकायहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने व्यवस्था छ। विनियोजित रकम कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा बचत हुने अवस्था आएमा आर्थिक मामिला मन्त्रालयले बचत शीर्षकबाट अपुग शीर्षकमा शीर्षकको जम्मा रकमको १० प्रतिशते नबढ्ने गरी रकमान्तर गर्न सक्नेछ।

दफा ४ : यस दफामा स्थानीय तहहरुलाई प्रदान गरिने समानीकरण तथा सशर्त अनुदानको शर्त र प्रक्रियाहरुको बारेमा उल्लेख गरिएको छ। समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रत्येक वर्षको भदौ २५, मंसिर ०२, फाल्गुन ०२ र ज्येष्ठ ०२ गते आषाढ मसान्त भित्र बुझाई सक्नु पर्नेछ।

दफा ५ : यस दफामा वित्तीय अनुशासन सम्बन्धी व्यवस्था गरिएको छ।

दफा ६ : अख्तियारी र स्वीकृति सम्बन्धी व्यवस्था छ।

दफा ७ : कार्यविधि र मापदण्ड बनाउन सक्ने कुरा उल्लेख छ।

दफा ८ : आदेश जारी गर्न सक्ने व्यवस्था छ।

यो ऐनमा जम्मा २ अनुसूची रहेका छन्।

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधान बमोजिम
प्रदेश नं.१ प्रदेश संचित कोष माथि व्ययभार हुने रकम
प्रदेश नं.१

| | | | | | रकम रु. हजारमा | |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| क्र.सं. | शिर्षक | शिर्षकको नाम | २०७५/७६ | | | |
| | | | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| क. | ७०१२१२०१ | प्रदेश व्यवस्थापिका प्रदेश प्रदेश सभामुख र उप सभामुखको पारिश्रमिक र सुविधा | | | | |
| १ | २१११२ | व्यवस्थापिका पारिश्रमिक पदाधिकारी | १४९५ | | | १४९५ |
| २ | २११४२ | पदाधिकारी अन्य सुविधा | ३०० | | | ३०० |
| ३ | २२२११ | प्रदेश व्यवस्थापिका इन्धन (पदाधिकारी) | १०२० | | | १०२० |
| ४ | २२७११ | विविध खर्च | २४० | | | २४० |
| ख. | ७०१२२२०१ | प्रदेश लोक सेवा आयोग प्रदेश लोक सेवा आयोगको पदाधिकारीहरुको पारिश्रमिक सुविधा | | | | |
| ५ | २१११२ | पारिश्रमिक पदाधिकारी | १९५० | | | १९५० |
| ६ | २११४२ | पदाधिकारी अन्य सुविधा | १५० | | | १५० |
| जम्मा | | | ५१५५ | | | ५१५५ |

अनुसुची -२

(दफा २ र ३ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

# प्रदेश नं.१ प्रदेश संचित कोषबाट व्ययभार हूने रकम

प्रदेश नं.१

| | | | | | | | रकम रु हजारमा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| | | | | २०७५।७६ | | | |
| क.सं. | शीर्षक | शीर्षकको नाम | चालु | पुंजीगत | वित्तिय व्यवस्था | अन्तर सरकारी हस्तान्तरण | जम्मा |
| १ | ७०१२११३०१ | प्रदेश व्यवस्थापिका सचिवालय | २४९०९१ | ७२१६५ | | | ३२१२५६ |
| २ | ७०१२३१३०१ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १२१८७ | १०२०० | | | २२३८७ |
| ३ | ७०१३११३०१ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | १७४५३१ | २००९०० | | | ३७५४३१ |
| ४ | ७०१३२१३०१ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३९२८८७० | ६००६१५ | १०००० | २५००००० | ७०३९४८५ |
| ५ | ७०१३३१३०१ | आन्तरिक मामिला तथा योजना मन्त्रालय | ४६९००३ | ८२१४९५ | | | १२९०४९८ |
| ६ | ७०१३४१३०१ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २१५२८१६ | ९७०६०४ | | ५००० | ३१२८४२१ |
| ७ | ७०१३५१३०१ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३४७७०५९ | २६८८४१ | | | ३७४५९०० |
| ८ | ७०१३६१३०१ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५४४०६९ | १५७५६०३९ | | | १६३००१०८ |
| ९ | ७०१३७१३०१ | सामाजिक विकास मन्त्रालय | ३४३८५६० | २६३१२३ | | | ३७०१६८२ |
| १० | ७०१२२१३०१ | प्रदेश लोकसेवा आयोग | ३१६७ | २५२५ | | | ५६९२०३० |
| | कुल जम्मा | | १४४४९३५३ | १८९६६५०६ | १०००० | २५०५००० | ३५९३०८५९ |

विधेयक संख्याः

# विनियोजन विधेयक

२०७६

प्रदेश सभा सचिवालय

प्रदेश नं. १, विराटनगर ।

## उद्देश्य र कारण

आर्थिक वर्ष २०७६/७७ को लागि प्रदेश नं १ अन्तर्गतका विभिन्न निकायले गर्ने सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

**(मा. इन्द्र बहादुर आङ्बो)**
आर्थिक मामिला तथा योजना मन्त्री

## आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

प्रदेश नं.१, प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन सम्वत् २०७६ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७६/७७ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः आर्थिक वर्ष २०७६/७७ को निमित्त अनुसूची - १ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४२,१८,४४,३४,०००।० (अक्षरेपी बयालीस अर्ब अठार करोड चवालीस लाख चौतीस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७ को निमित्त अनुसूची - २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची - २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनै अनुदान सङ्ख्यामा अपुग हुने भएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एकभन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

तर,

(क) एउटै अनुदान सङ्ख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(४) अनुदान सङ्ख्या ८०१ अन्तर्गत उल्लिखित अन्तर सरकारी वित्त हस्तान्तरणको स्थानीय तहका लागि विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य शीर्षकमा रकमान्तर हुने छैन ।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (४) मा उल्लिखित वित्तीय समानीकरण अनुदान बाहेक अनुदान सङ्ख्या ६०२ मा विनियोजन भएको रकम जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः</u> (१) अनुदान संख्या ६०२ र ८०१ अन्तर्गत उल्लिखित अन्तर सरकारी वित्त हस्तान्तरण मध्ये स्थानीय तहका लागि विनियोजन भएको वित्तीय हस्तान्तरण हुने अनुदान रकम कानून बमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ ।

(२) अनुदान सङ्ख्या ८०१ को वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको भदौ २५ गते, मंसिर २ गते, फाल्गुन २ गते र ज्येष्ठ २ गते गरी चार किस्तामा दाखिल गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत व्यवस्था भएको निकायमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको श्रावण मसान्त भित्र पेश गर्नु पर्नेछ ।

(४) अनुदान सङ्ख्या ६०२ मा उल्लिखित अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत सशर्त अनुदानको एक चौथाई रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भदौ २५ गते दाखिल गर्नेछ ।

(५) स्थानीय तहको कुनै योजना वा कार्यक्रमको निमित्त स्थानीय तहमा अनुदान संख्या ६०२ मा उल्लिखित अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत सशर्त अनुदानको उपदफा (४) बमोजिम दाखिल भए बाहेक बाँकी रहेको रकम खर्च विवरणको आधारमा चौमासिक रुपमा पुस २५ गते र बैशाख २५ गते प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ ।

(६) स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको विवरण सहितको कार्ययोजना प्रत्येक आर्थिक वर्षको श्रावण २४ गते भित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत व्यवस्था भएको निकायमा बुझाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम पेश भएको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण स्थानीय तहले पौष महिनाको पहिलो हप्ता, बैशाख महिनाको पहिलो हप्ता र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको श्रावण मसान्तसम्ममा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत व्यवस्था भएको निकायमा बुझाउनु पर्नेछ ।

(८) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम अनुदान सङ्ख्या ६०२ मा उल्लिखित अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत समपूरक र विशेष अनुदानको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(९) सशर्त, समपूरक र विशेष अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयले व्यवस्था गरेको निकाय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम अनुदानको रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्न सक्नेछ ।

५. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:</u> (१) प्रदेश सरकार तथा स्थानीय तहले कानून बमोजिम आफूले उठाएको राजस्व र प्राप्त गरेको अनुदान रकम खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुनेगरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्नुपर्नेछ ।

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ ।

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(घ) पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन ।

(ङ) आय व्ययको वर्गीकरण र लेखाङ्कन नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरे बमोजिम राख्नु पर्नेछ ।

६. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले वा प्रदेश लेखा नियन्त्रक मार्फत तोकिएको निकायले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँट गरी त्यसको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत व्यवस्था गरे बमोजिमको निकायलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु परेमा सम्बन्धित मन्त्रालय/सचिवालय/कार्यालयले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम प्रदेश सञ्चित कोष व्यवस्थापन प्रणालीमा समावेश भएको कुनै खर्च शीर्षकमा एकमुष्ट समावेश भएको रकम खण्डीकरण गरी विभिन्न कार्यक्रममा खर्च गर्नको लागि सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्नेछ ।

(८) उपदफा (६) र (७) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने छ ।

(९) उपदफा (८) बमोजिम संशोधन भएको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्ने छ ।

७. कार्यविधि र मापदण्ड सम्बन्धी व्यवस्थाः (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

(३) प्रदेश सशर्त अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ ।

८. आदेश जारी गर्न सक्नेः यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान वमोजिम

प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

रु.हजारमा

| महल | | | | | |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| क.सं. | अनदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | २८३० | ० | २८३० |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ३१४६ | ० | ३१४६ |
| ३ | ६०२ | अर्थ - विविध | १०००० | ० | १०००० |
| जम्मा | | | १५९७६ | ० | १५९७६ |

## अनुसूची-२

## (दफा २ र ३ सँग सम्बन्धित)

## प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम

रु.हजारमा

| महल | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| क्र.सं. | अनदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | २९७८४९ | ३५४१७ | ० | ३३३२६६ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | १४३५१ | ७५०० | ० | २१८५१ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २३११७ | ५००० | ० | २८११७ |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १९०८४३ | ८९८३० | ० | २८०६७३ |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ८२४६६७ | ८६६५० | ० | ९११३१७ |
| ६ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १६५९९१५ | २१७२८२३ | ० | ३८३२७३८ |
| ७ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३८५९१४६ | १८१८८६ | ० | ४०४१०३२ |
| ८ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३३८३०८ | ११४४५६० | ० | १४८२८६८ |
| ९ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ९९९९८७ | १८८५९९९४ | ० | १९८५९९८१ |
| १० | ३५० | सामाजिक विकास मन्त्रालय | ३४४५२८३ | ७२१५९२ | ० | ४१६६८७५ |
| ११ | ३९१ | प्रदेश योजना आयोग | ५४०३६ | १८६८२ | ० | ७२७१८ |
| १२ | ५०१ | अर्थ - वित्तीय व्यवस्था | ० | ० | ७०००० | ७०००० |
| १३ | ५०२ | अर्थ - आन्तरिक ऋण भुक्तानी | ० | ० | १०००० | १०००० |
| १४ | ६०१ | कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ७२००० | ० | ० | ७२००० |
| १५ | ६०२ | अर्थ - विविध | ५७५१००० | २५०००० | ० | ६००१००० |
| १६ | ८०१ | स्थानीय तह | ९९९९९८ | ० | ० | ९९९९९८ |
| जम्मा | | | १८५३०५०० | २३५७३९३४ | ८०००० | ४२१८४४३४ |

## विनियोजन विधेयक, २०७६ को दफावार सारांश

दफा १ : यो विधेयकको नाम "प्रदेश विनियोजन ऐन, २०७६" रहेको छ । यो ऐनको तुरुन्त प्रारम्भ हुनेछ ।

दफा २ : यो दफामा प्रदेश सञ्चित कोषबाट आ.व. ०७६/०७७ को लागि अनुसूची २ को महल ३ मा उल्लिखित निकायले महल ४, ५, ६ मा उल्लिखित जम्मा रकम रु.४२,१८,४४,३४,०००।० (अक्षरेपी बयालीस अर्ब अठार करोड चवालीस लाख चौतीस हजार मात्र) मा नबढाई खर्च गर्न पाउने व्यवस्था गरेको छ ।

दफा ३ : यो दफामा यो ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७ को निमित्त अनुसूची - २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिने व्यवस्था गरिएको छ । विनियोजित रकम कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनै अनुदान सङ्ख्यामा अपुग हुने देखिन आएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा जम्मा रकमको दश प्रतिशतले नबढ्ने गरी रकमान्तर गर्न सक्नेछ ।

दफा ४ : यस दफामा स्थानीय तहहरुलाई प्रदान गरिने समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानको शर्त र प्रक्रियाहरुको बारेमा उल्लेख गरिएको छ । समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रत्येक वर्षको भदौ २५, मंसिर ०२, फाल्गुन ०२ र ज्येष्ठ ०२ गते भित्र दाखिल गर्नेछ ।

दफा ५ : यस दफामा वित्तीय अनुशासन सम्बन्धी व्यवस्था गरिएको छ ।

दफा ६ : अख्तियारी र स्वीकृति सम्बन्धी व्यवस्था छ ।

दफा ७ : कार्यविधि र मापदण्ड बनाउन सक्ने र खारेज गर्ने कुरा उल्लेख छ ।

दफा ८ : प्रदेश सरकारले आदेश जारी गर्न सक्ने व्यवस्था छ ।

यो ऐनमा जम्मा दुईवटा अनुसूचीहरु रहेका छन् ।

विधेयक संख्याः

# प्रदेश विनियोजन विधेयक

२०७७

## प्रदेश सभा सचिवालय

## प्रदेश नं. १

बिराटनगर, नेपाल

# उद्देश्य र कारण

आर्थिक वर्ष २०७७/७८ को लागि प्रदेश नं १ अन्तर्गतका विभिन्न निकायले गर्ने सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ ।

दृष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

**(मा. इन्द्र बहादुर आङ्बो)**

मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१

# आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

प्रदेश नं.१, प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **"प्रदेश विनियोजन ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐनको दफा ११ तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू सम्वत् २०७७ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/७८ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७७/७८ को निमित्त अनुसूची - १ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४०,८७,०६,८७,०००।- (अक्षरूपी चालिस अर्ब सतासी करोड छ लाख सतासी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त अनुसूची - २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची - २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने भएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एकभन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

तर,

(क) एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(ख) पूँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(४) अनुदान सङ्ख्या ८०१ अन्तर्गत उल्लिखित अन्तर सरकारी वित्त हस्तान्तरणको स्थानीय तहका लागि विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य शीर्षकमा रकमान्तर हुने छैन ।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (४) मा उल्लिखित वित्तीय समानीकरण अनुदान बाहेक अनुदान सङ्ख्या ६०२ मा विनियोजन भएको रकम जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. **अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः** (१) अनुदान संख्या ८०१ को रकम र अनुदान संख्या ६०२ अन्तर्गतको स्थानीय तहलाई वित्त हस्तान्तरण गरिने रकम कानून बमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ ।

(२) अनुदान सङ्ख्या ८०१ को रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक  आर्थिक वर्षको भदौ २५ गते, मंसिर २ गते, फाल्गुन २ गते र ज्येष्ठ २ गते गरी चार किस्तामा दाखिल गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजश्व संकलन हुन नसकेमा र प्रदेश सरकारले संघबाट पाउनु पर्ने समानीकरण अनुदान प्राप्त गर्न नसकेमा उपदफा (२) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम प्रदेश सरकारको राजस्व एवम् अनुदान प्राप्तिको अनुपात अनुसार पुनःनिर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिल गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश इकाई कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक २५ गते, माघ २५ गते, बैशाख २५ गते र वार्षिक आर्थिक विवरण अगामी आर्थिक वर्षको श्रावण मसान्त भित्र तथा उपदफा (३) बमोजिम प्रदेश सरकारबाट किस्ता निर्धारण भएको अवस्थामा प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा दाखिल गरिने छैन ।

(६) उपदफा (१) बमोजिमको अनुदान रकम मध्ये शशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम  प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भदौ २५ गते दाखिल गर्नेछ ।

(७) उपदफा (१) अन्तर्गतको सशर्त अनुदानको रकम उपदफा (६) बमोजिम दाखिल भए बाहेक बाँकी रहेको रकम खर्च विवरणको आधारमा चौमासिक रुपमा पुस २५ गते र बैशाख २५ गते प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ ।

(८) स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण स्थानीय तहले पौष महिनाको पहिलो हप्ता, बैशाख महिनाको पहिलो हप्ता र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तसम्ममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ ।

(१०) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नु पर्नेछ ।

(११) सशर्त, समपूरक र विशेष अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत आगामी आर्थिक वर्षको आश्विन दोस्रो हप्ता भित्र प्रदेश संचित कोषमा दाखिल गर्नु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम अनुदानको रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्न सक्नेछ ।

(१३) प्रदेश सरकारबाट स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदान मार्फत स्थानीय तहमा संचालन हुने आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछी बचत हुने रकमको पुनः ठेक्का लगाउन पाउने छैन । यसरी बचत हुने रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

५. <u>**योजना वा कार्यक्रम कारयान्वयन सम्बन्धी विशेष व्यवस्थाः**</u> (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पूँजीगत तर्फका कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्विकृती लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यन्वयन गर्ने गरी निर्णय गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएपनि प्रदेश सरकारको विषयगत मन्त्रालयमा स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित मन्त्रालयले निर्णय गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा अनुदानको रूपमा वित्त हस्तान्तरण गर्न सकिने छ ।

(३) स्थानीय तहको योजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रदेश निकायको नाममा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको बिबिध खातामा जम्मा हुने गरी निकासा दिन सकिनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम निर्णयको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

६. **लेखाङ्कन, प्रतिवेदन र लेखापरिक्षण:** (१) यस ऐन बमोजिम एक तहको वजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाइको रूपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

७. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:** (१) प्रदेश सरकार तथा स्थानीय तहले कानून बमोजिम आफूले उठाएको राजस्व र प्राप्त गरेको अनुदान रकम खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुनेगरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्नुपर्नेछ ।

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ ।

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(घ) पूँजीगत खर्चको रूपमा बिनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाईने ।

(ङ) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र अन्य प्रचलित संघीय तथा प्रदेश कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखांकन तथा प्रतिवेदन प्रणाली लागु गर्नु पर्ने ।

८. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्वत् २०७७ साल श्रावन मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ ।

तर कुनै मनासिब कारणले सम्वत् २०७७ साल श्रावण मसान्तभित्र विनियोजन भएको निकायको प्रमुखले बाँडफाँट गर्न नसकेमा सो को कारण खुलाई बाँडफाँटको लागि अनुरोध गरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्वत् २०७७ साल असोज मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै खर्च शीर्षकमा एकमुष्ट समावेश भएको रकम पुष मसान्त भित्र खण्डीकरण गरी विभिन्न कार्यक्रममा खर्च गर्नको लागि सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्नेछ।

तर संघबाट प्राप्त हुने अनुदानमा यो समयसिमा लागु हने छैन ।

(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी प्रदेश सरकारको स्रोत तर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संसोधन तथा रकमान्तर गर्न सक्नेछ ।

(क) एकै बजेट उपशीर्षक भित्रको भैरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप घट गर्ने गरी कार्यक्रम संसोधन,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संसोधन गर्दा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको अधिनमा रही थप हुने खर्च शीर्षकको शुरु विनियोजनको बीस प्रतिशत सम्मको रकमान्तर,

(९) उपदफा (६) र (८) बमोजिमको संशोधन सम्बन्धित निकायको लेखाउत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ ।

(१०) प्रदेश सरकार स्रोत र वित्तीय समानीकरण स्रोतबाट प्रदेश सरकार अन्तर्गत संचालित आयोजना वा कार्यक्रममा बिनियोजन भएको रकमबाट एक पटक ठेक्का बन्दोबस्त भईसकेपछी बचत हुने रकमको पुनः ठेक्का लगाउन पाउने छैन । यसरी बचत हुने रकम सम्बन्धित निकायले तालुक मन्त्रालय मार्फत कानून बमोजिम बजेट समर्पण गर्नु पर्नेछ ।

९. **कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्ने :** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

(३) यस ऐन बमोजिम बिनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ ।

१०. **<u>आदेश जारी गर्न सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा(१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

११. **<u>खारेजः</u>** स्रोत सुनिश्चितता तथा बहुवर्षीय आयोजना सम्बन्धी निर्देशिका, २०७६ खारेज गरिएको छ ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नम्बर १
बिराटनगर, नेपाल

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

**प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

(रु हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्च | पूँजिगत | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | ५१६० | ० | ५१६० |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ४१०० | ० | ४१०० |
| ३ | ५०२ | अर्थ - आन्तरिक ऋण भुक्तानी | ० | १०००० | १०००० |
| ४ | ६०२ | अर्थ - विविध | १०००० | ० | १०००० |
| | | जम्मा | १९२६० | १०००० | २९२६० |

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नम्बर १
विराटनगर, नेपाल

अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

<u>प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम</u>

(रु हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्च | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | १९८३४५ | ३१५३१ | ० | २२९८७६ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ३८९१९ | १२९०३ | ० | ५१८२२ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७७२८ | ८५० | ० | १८५७८ |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६११५७६ | १४६५०० | ० | ७५८०७६ |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ५६४६५९ | ३३५२५ | ० | ५९८१८४ |
| ६ | ३०७ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १३३६६१८ | २१५७२७१ | ० | ३४९३८८९ |
| ७ | ३१२ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ३५७१८२८ | २५९८०५ | ० | ३८३१६३३ |
| ८ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १९४९८९ | १०७९१०० | ० | १२७४०८९ |
| ९ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८०७०१८ | १७१२५९६४ | ० | १७९३२९८२ |
| १० | ३५० | सामाजिक विकास मन्त्रालय | ४२२६३०६ | १०७५७६९ | ० | ५३०२०७५ |
| ११ | ३९१ | प्रदेश योजना आयोग | ४०४५२ | १७८६ | ० | ४२२३८ |
| १२ | ५०१ | अर्थ - वित्तीय व्यवस्था | ० | ० | ३०००० | ३०००० |
| १३ | ६०१ | कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ३०००० | ० | ० | ३०००० |
| १४ | ६०२ | अर्थ - विविध | ४३८९००० | ० | ० | ४३८९००० |
| १५ | ८०१ | स्थानीय तह | २८८८२४५ | ० | ० | २८८८२४५ |
| | | जम्मा | १८९१५६८३ | २१९२५००४ | ३०००० | ४०८७०६८७ |